## भूमे गाउँपालिकाको

# विनियोजन विधेयक, २०७९

**भूमे गाउँपालिका**

**रुकुम (पूर्व)**

*सभामा प्रस्तुतः २०७९ साल असार १० गते शुक्रबार*

*सभाबाट पारित मितिः २०७९ साल असार ३१ गते शुक्रबार*

**भूमे गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभाबाट स्वीकृत मितिः २०७९।०३।३१

**प्रस्तावनाः** भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा बमोजिम (२) भूमे गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भूमे गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन गाउँसभाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२ .आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**(१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ५३,४२,१२,४५२ (अक्षेरुपी रुपैयाँ त्रिपन्न करोड बयालिस लाख बाह्र हजार चार सय बाउन्न मात्र |)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चिक कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त भूमे गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची - १

(सँग सम्बन्धित २ दफा)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ३२,९०,००।३८ | १९,५२,१२।०७ | | ५३,४२,१२।४५२ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी शेयर/ऋण | | | १,००,०० | |